# उर्लाबारी नगरपालिकाको सार्वजनिक सुनुवाई प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२ दोस्रो चौमासिक




३० वैशाख २०८२

सञ्चार क्लब नेपाल
उर्लाबारी, मोरङ

# उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिकमा भए गरेका कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## १. पृष्ठभूमि :

राज्यको विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तीनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाइरहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहिता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालायका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहिता, उत्तरदायित्व र विकाससँग सम्बन्धित रहन्छ । उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङले कार्यालयबाट प्रवाह गइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिन र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनवाई कार्यविधि अनुसार वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । तिनै व्यवस्थाहरु मध्ये आर्थिक वर्ष २०८१/०८२ को  दोस्रो चौमासिक अवधिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको छ । यस सार्वजनिक सुनवाई कार्यक्रमको सहजीकरण तथा सहकार्य सञ्चार क्लब नेपाल उर्लाबारी, मोरङलाई जिम्मेवारी दिएको सन्दर्भमा सो संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## २. सार्वजनिक सुनुवाईको औचित्य:

सार्वजनिक सुनवाई कार्यविधिमा व्यवस्था भए अनुसार नगरपालिकाको नगरसभाबाट विनियोजित बजेट तथा कार्यक्रमहरुबाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख भएको छ । उर्लाबारी नगरपालिकामा आ.व. २०८१/०८२ को दोस्रो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवाग्राहीहरुको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ ।

सञ्चार क्लब नेपाल
स्था : २०६०
उर्लाबारी मोरङ

## ३.सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्यः

यस कार्यक्रमको मुख्य उद्देश्य उर्लाबारी नगरपालिकाबाट आव २०८१/०८२ को दोस्रो चौमासिक अवधिमा नगरपालिकाका बासिन्दाहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुनासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए:

क. दोस्रो चौमासिक अवधिमा नगरपालिकाबाट भए गरेका कार्यहरुको जानकारी गराउनु,

ख. अघिल्लो सार्वजनिक सुनुवाईमा उठेका विषयहरुको सम्बोधन गरिएका कार्यहरुको जानकारी गराउनु,

ग. जनगुनाासाहरु सुन्नु,

घ. जनताको समस्यामा छलफल गर्नु,

ङ. नगरपालिकामा आ.व. २०८१/०८२ को दोस्रो चौमासिक अवधिमा गरिएका कामहरुको मूल्यांकन गर्नु,

च. आगामी दिनहरुमा नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।

## ४. कार्यक्रमबाट भएका उपलब्धिहरु

(क) नगरपालिका र नगरबासी बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

## ५. सार्वजनिक सुनवाई कार्यकमको विवरण

(क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजकः उर्लाबारी नगरपालिका, उर्लाबारी (मोरङ)

(ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्थाः सञ्चार क्लब नेपाल उर्लाबारी, मोरङ

(ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०८२ वैशाख ३० गते मंगलबार

(घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : उर्लाबारी नगरपालिकाको सभाहल, उर्लाबारी-४, आइतबारे (मोरङ)

(ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समयः दिनको दिउसो १:०० बजेदेखि ५:०० बजेसम्म ।

(च) कार्यक्रम सञ्चालन गरिएको समयावधिः ४ घण्टा

(छ) कार्यक्रममा सहभागी संख्याः १३७ जना

(ज) कार्यक्रमको अध्यक्षता : उर्लाबारी नगर कार्यवाहक नगर प्रमुख मीना खतिवडा पौडेल

(झ) नागरिक प्रतिवेदन सर्वेक्षणको सहभागी संख्याः १५० जना

(ञ) बहिर्गमन अभिमत सर्वेक्षणको सहभागी संख्याः १५० जना

(ट) नागरिक प्रतिवेदन र बहिंर्गमन अभिमत सम्पादनः सञ्चार क्लब नेपालका पूर्वअध्यक्ष नवराज भट्टराई

## ६. सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएका प्रतिवेदनहरुः

क) उर्लाबारी नगरपालिकाको चालु आवको दोस्रो चौमासिक प्रगति प्रतिवेदनः
प्रस्तुतकर्ता योजना शाखाका अधिकृत विकास दाहाल

ख) नागरिक प्रतिवेदनको प्रस्तुतकर्ताः सञ्चार क्लब नेपालका पूर्वअध्यक्ष घनश्याम भण्डारी

ग) बहिर्गमन अभिमत प्रतिवेदनको प्रस्तुतकर्ताः सञ्चार क्लब नेपालका पूर्वअध्यक्ष घनश्याम भण्डारी

### ७. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरुः

नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को दोस्रो चौमासिकको प्रगति, आम्दानी, खर्च, शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, नगरपालिकाको भौत्तिक पूर्वाधार तथा विकास निर्माण, वैदेशिक रोजगार ।

### ८. सार्वजनिक सुनवाई कार्यक्रममा भएको उपस्थितिः

यस कार्यक्रममा उर्लाबारी नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुऱ्याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । नगरपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समिति, सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, आमा समूहहरु, सामुदायिक वन उपभोक्ता समितिहरु, महिला समूहहरु, दलित उत्थान समूहहरु, व्यावसायीहरु, शिक्षक, बुद्धिजीवीहरु तथा नगरपालिकाका विषयगत शाखाहरुलाई ार्वजनिक सूचना मार्फत आमन्त्रण गरिएको थियो । सो मध्येका सबै प्रतिनिधि गरी १३७ जनाको उपस्थिति भएको थियो । यसको विवरण तल उल्लेख छ ।

### ९. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो शत्रः

यसकार्यक्रमको पहिलो सत्र देहाय अनुसार सञ्चालन भएको थियो ।

क) अध्यक्षता ग्रहण उर्लाबारी नगरपालिका कार्यवाहक नगर प्रमुख श्री मीना खतिवडा पौडेल

ख) पदाधिकारीहरुको आसन ग्रहण

- प्रमुख प्रशासकीय अधिकृत अभयकुमार गुप्ता
- इलाका प्रहरी कार्यालय प्रमुखः प्रहरी निरीक्षक रञ्जन बराल
- यस न.पा. का सबै वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु
- सरोकारवाला कार्यालयका प्रमुखहरु,
- राजनीतिक दलका प्रमुखहरु
- कार्यालयका कर्मचारीहरु
- उपस्थित सबै जनसमुदायहरु

ग) राष्ट्रिय गानः सामुहिक

घ) ज्ञात अज्ञात सहिदहरुको सम्झनामा १ मिनेट मौनधारण

ङ) स्वागत मन्तव्यः उपसचिव शालिग्राम काफ्ले

च) नगरपालिकाको सेवाप्रवाह सम्बन्धी प्रस्तुति योजना शाखाका अधिकृत विकास दाहाल

### १०. सार्वजनिक सुनवाई कार्यक्रमको दोश्रो शत्र

क) सार्वजनिक सुनवाई सहजीकरण गर्ने सञ्चार क्लब नेपालका पूर्व अध्यक्ष घनश्याम भण्डारीद्वारा सार्वजनिक सुनवाई कार्यक्रममा पालना गर्नु पर्ने आचारसंहिता बारे जानकारी प्रस्तुत ।

ख) कार्यविधि बमोजिमको नागरिक प्रतिवेदन (Citizen Report Card)र बहिर्गमन अभिमत (Exit Poll) सेवा प्रवाह सम्बन्धी गरिएको अध्ययनबाट प्राप्त भएको विवरण अनुसार तयार पारेको प्रतिवेदनको प्रस्तुति

## ११. सार्वजनिक सुनुवाई कार्यक्रमको तेस्रो शत्र

क) प्रश्न उतर तथा छलफल: सहभागीबाट प्रश्न राख्ने ।

ख) प्रश्न सहभागीबाट आएका जिज्ञासाको उत्तर निम्न महानुभावले दिनुभएको थियो:

१) प्रमुख प्रशासकीय अधिकृत अभयकुमार गुप्ता

२) नगर उपप्रमुख तथा कार्यवाहक नगर प्रमुख मीनाकुमारी खतिवडा पौडेल

ग) सभापति कार्यवाहक नगर प्रमुख श्री मीना खतिवडा पौडेलबाट सभा विसर्जन

**कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु:**

| क.स. | प्रश्न गर्ने वा सुझाव दिनेको नाम, थर, ठेगाना | सहभागीको प्रश्न, गुनासो, सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | सन्तोष दाहाल उर्लाबारी-८ | वैदेशिक रोजगारीबाट फर्किएर आएका व्यक्तिहरुका लागि के कस्तो अवधारण रहेको छ ? | मीना खतिवडा पौडेल कार्यवाहक नगर प्रमुख | नगरपालिकाले रोजगार सेवा केन्द्र मार्फत बेरोजगार र रिटर्नीहरुलाई तालिम दिने, सामग्री हस्तान्तरण गर्ने जस्ता कार्यक्रम गर्दै आएको छ । |
| २ | राजेन्द्र सुवेदी उर्लाबारी-४ | नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को लेखा परीक्षण प्रतिवेदन वेवसाइटमा किन नराखिएको ? | अभयकुमार गुप्ता प्रमुख प्रशासकीय अधिकृत | महालेखा परीक्षणको कार्यालयबाट नै आउन ढिलासुस्ती भएर त्यस्तो भएको हो । अब चाँडै हुने अपेक्षा गरिएको छ । |
| ३. | सरोज बस्नेत उर्लाबारी-७ | - वडा नं. ६ मा बनेको कृषि बजार कहिले सञ्चालनमा आउँछ ?<br>- वडा नं ३ मा अपाङ्गमैत्री भवन बन्यो तर प्रयोगमा आएको छैन किन ? | मीना खतिवडा पौडेल का.बा. नगर प्रमुख | - कृषि बजार व्यवस्थापन समितिले काम गरिरहेको छ, चाँडै सञ्चालनमा आउनेछ ।<br>- अपाङ्गतामैत्री भवन प्रयोगमा ल्याउनका लागि प्राविधिक कारणले गर्दा ढिला भएको हो । केही समयमै प्रयोगमा आउँछ । |
| ४. | ज्ञानेन्द्रप्रसाद आचार्य उर्लाबारी-७ | - उर्लाबारीलाई डुबानमुक्त बनाउन ढल निकासको व्यवस्था कहिले हुन्छ ?<br>- नगर, वडाले दिने तालिम कसलाई दिने गरिएको छ ? | अभयकुमार गुप्ता प्र.प्र. अ. | - ढल निकासको व्यवस्थापका लागि हाम्रो ध्यान केन्द्रीत छ । हाइवे निर्माण आयोजनादेखि केन्द्रसम्म प्रक्रिया अघि बढाइएको छ ।<br>- तालिम नियमअनुसार तोकिएका व्यक्तिलाई दिइन्छ । |
| ५. | राजन सुवेदी उर्लाबारी-३ | - मेयर कप फुटबल प्रतियोगितामा किन कम रकम विनियोजन गरियो ?<br>- अव्यवस्थित तारले | मीना खतिवडा पौडेल का.बा. नगर प्रमुख | - सबै खेलकुदका विधालाई समेट्नका लागि बजेट कम भएको हो ।<br>- तार व्यवस्थित गर्न पहिले पनि |

| | | | | |
|---|---|---|---|---|
| | | दुर्घटनाको जोखिम बढाएको छ । व्यवस्थित गर्नुपर्‍यो । | | पहल गरिएको हो, अब पुनः त्यसतर्फ ध्यान दिने छौँ । |
| ६. | पिपलराज गिरी<br>उर्लाबारी-३ | - सुकुम्बासी समस्या समाधान कहिले हुन्छ ?<br><br>- एउटा प्राविधिक दुई वडामा खटाइएको छ, दुई वटै वडामा भेटिँदैन, के कारण होला ? | अभयकुमार गुप्ता<br>प्रमुख प्रशासकीय अधिकृत | - भूमि सम्बन्धी आयोग गठन भएसँगै नगरपालिकाले सहकार्य गरेर काम गरिरहेको छ ।<br>- एउटै प्राविधिकले दुई वडा भ्याउनु पर्ने, कहिले फिल्डमा अनि कहिले पालिकामा पनि काम पर्ने भएकोले व्यस्तताले नभेटिएको हुन सक्छ । |
| ७. | कुमार दाहाल<br>उर्लाबारी-५ | कृषकहरुले उत्पादन गरेको तरकारीमा बिचौलियाको हालीमुहाली छ । बिचौलिया प्रथाको अन्त्य गर्न नगरपालिकाले ध्यान दिनु पर्दैन ? | अभयकुमार गुप्ता<br>प्र.प्र.अ. | बिचौलियाहरुको पहिचान गरी कृषकहरुलाई उचित मूल्य दिलाउन प्रयास गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । |
| ८. | राजकुमार भट्टराई<br>उर्लाबारी-७ | - नगर प्रहरीको काम कर्तव्य के हो ? सडक पेटी खाली गर्ने काम कसको हो ?<br>-जनप्रतिनिधिहरुबाट सरकारी सवारी साधन दुरुपयोग भइरहेको छ । | अभयकुमार गुप्ता<br>प्रमुख प्रशासकीय अधिकृत<br>मीना खतिवडा पौडेल<br>का.बा. नगर प्रमुख | - सडक पेटी खाली गराउने, विपत व्यवस्थापनमा सहयोग गर्ने नगर प्रहरीको कार्य भित्रै पर्दछ ।<br>- कार्यालयको काम बाहिर सवारी साधन चलाइएको छैन । |
| ९. | विजय माझी<br>उर्लाबारी-३ | - मेयर कप फुटबलको निकासामा प्रमाणपत्र, मायाको चिनोलगायतको पनि भरपाई मागेर दुःख दिने काम किन गरियो ?<br>- सालबारी खेलमैदान घेराबाराको गुणस्तर कमजोर भएको छ । प्राविधिक रुपमा कमजोरीको जिम्मेवारी को हुने ? | अभयकुमार गुप्ता<br>प्र.प्र.अ. | - सम्झौता बमोजिमका कागजात पूरा गरेर रकम भुक्तानी पाइन्छ । आवश्यक काजगात माग्दा दुःख दिएको ठान्नु भएन ।<br><br>- ठेकेदारले समयमा काम गरेन । तर, पनि गुणस्तरमा कुनै कमी हुन दिइँदैन । |
| १०. | मेदनी शिवाकोटी<br>उर्लाबारी-७ | कृषकले मल बिउ पाउन सकेनन् ? | अभयकुमार गुप्ता<br>प्र.प्र.अ. | असली कृषकहरुको पहिचान गरी उनीहरुलाई मल, बिउ उपलब्ध गराउन प्रतिबद्ध छौँ । |
| ११. | सोमप्रसाद तिम्सिना<br>वडा नं. ३ | - नगरको बजेट खर्च थोरै मात्र भएको देखिन्छ, कतै फ्रिज त हुँदैन ?<br>- मेयरकपबाट उत्पादित खेलाडीबाट नगर टिम निर्माण गरियोस् । | अभयकुमार गुप्ता<br>प्र.प्र.अ. | भएको बजेटमध्ये बजेट र खर्चको बिचमा हिसाब गर्दा अहिलेसम्मको राम्रो देखिएको देखिएको छ ।<br>- सुझावलाई छलफल गरी अघि बढ्ने छौं । |
| १२. | नारायणप्रसाद आचार्य | -व्यवसायीहरु नगरपालिका र अन्य विभिन्न ठाउँमा गरी | अभयकुमार गुप्ता<br>प्र.प्र.अ. | नगरपालिका स्थानीय सरकार भएकोले व्यवसाय कर लिइएको हो |

सञ्चार क्लब नेपाल
स्था : २०६०
उर्लाबारी, मोरङ

| | | | | |
|---|---|---|---|---|
| | उर्लाबारी-१ | दोहोरो, तेहोरो साथै विभिन्न ठाउँमा लाग्ने कर फरक फरक भयो ? | | । हामीले लिने करमा एकरुपता नै कायम गरिएको छ । |
| १३ | यज्ञ ब. बस्नेत उर्लाबारी-७ | विपन्नका लागि तोकिएको तालिम विपन्न समक्ष नै पुग्न सकेन, विपन्न जहिल्यै मारमा किन पारियो ? | अभयकुमार गुप्ता प्र.प्र.अ. | तालिममा प्राथमिकता विपन्नलाई नै हुन्छ । गरिबको पहिचान गरी परिचयपत्र मार्फत तालिममा सहभागिता जनाउने अवसर प्रदान गर्ने तयारी गर्दै छौं । |
| १४ | नन्दबहादुर खतिवडा उर्लाबारी-६ | - विद्यालयमा लागुऔषध प्रयोग विरुद्ध जागरण अभियान सञ्चालन गर्नुपर्‍यो ।<br>- सफारी, अटोले मनामौजी भाडा लिइरहँदा नगरपालिका चुप लागेर बस्न मिल्छ ? | मीना खतिवडा पौडेल का.बा. नगर प्रमुख | - सुझाव अनुशरण गरी कार्य अघि बढाउने छौं ।<br>- सफारी, अटोको भाडादर निर्धारण गर्न समिति गठन भएको छ, नगरले भाडा तोक्छ । |
| १५. | मणिलाल श्रेष्ठ उर्लाबारी-५ | उर्लाबारीको नमुना बाल गृहका बालबालिकाले योगमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गरी पदक प्राप्त गरेका छन्, योगको विकासमा नगरले ध्यान दिनुपर्‍यो । | मीना खतिवडा पौडेल का.बा. नगर प्रमुख | सुझावलाई अनुशरण गर्नेछौं । |
| १६. | बद्रीबिक्रम सुवेदी उर्लाबारी-७ | टोल विकास संस्था गठन गरियो तर अन्योलमा छन् । | अभयकुमार गुप्ता प्र.प्र.अ. | टोल विकास संस्था सञ्चालन कार्यविधि छ, सोही अनुसार सञ्चालन हुन्छन् । |

**१२. सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरुः**

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिता पालना
ख) नागरिक प्रतिवेदन, बहिर्गमन अभिमत
ग) सामाजिक सञ्जाल तथा माइकिङ गरी प्रचार प्रसार
घ) नगरबासी, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजीवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे सार्वजनिक सूचना
ङ) वृहत्त भेला तथा छलफल

**१३. सार्वजनिक सुनवाई कार्यक्रमबाट भएका सिकाइहरु**

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाइ भएको छ ।
- सार्वजनिक सुनुवाईबाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।
- सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पर्ने सिकाइ भएको छ ।
- यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा नगरपालिकाको कार्य सम्पादनमा सहयोग पुग्ने ।

- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल हुने ।
- जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको ।

**१४. निश्कर्ष :**

उर्लाबारी नगरपालिका नगर कार्यपालिका कार्यालयले आ.व. २०८१/२०८२ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम नेपाल सरकारको प्रचलित कानुन बमोजिम मिति २०८२/०१/३० गते सम्पन्न गरेको हो । कार्यक्रम व्यवस्थितरुपले सञ्चालन गरेको देखियो ।

**१५. कार्यक्रमका झलकहरु**






सञ्चार क्लब नेपाल
स्था : २०६०
उर्लाबारी







सञ्चार क्लब नेपाल
स्था : २०६०
उर्लाबारी



## उर्लाबारी नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट आ.व. २०८१/०८२ को दोस्रो चौमासिकमा भए गरेका योजनाहरु, कार्यक्रमहरु एवम् सेवा प्रवाह सम्बन्धमा आयोजित

# सार्वजनिक सुनुवाई कार्यक्रम

## मिति २०८२ साल बैशाख ३० गते मंगलबार

**स्थान : उर्लाबारी नगरपालिकाको सभाहल**

**सहजीकरण:**
**सञ्चार क्लव नेपाल**
उर्लाबारी, मोरङ

**आयोजक**
**उर्लाबारी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
उर्लाबारी, मोरङ

सञ्चार क्लव नेपाल स्था : २०६० उर्लाबारी, मोरङ

सुमन घिमिरे (उपाध्यक्ष)
सञ्चार क्लव नेपाल, उर्लाबारी (मोरङ)